२०७७ सालको ऐन नं.: १

# रुपनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७

## गाउँ सभाबाट स्वीकृत मिति :२०७७।०३।१०

# रुपनी गाउँपालिका

## उद्देश्य र कारण

रुपनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथैसेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।

**द्रष्टव्य:** यो विधेयक अर्थ विधेयक हो ।

**(बेचनी कुमारी सरदार)**
**उपाध्यक्ष**
**रुपनी गाउँपालिका**

# रुपनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

रुपनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रुपनी गाउँ सभाले यो ऐन बनाएको छ।**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि रुपनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर :**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५.**व्यवसाय कर वा दर्ता शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम कर वा दर्ता शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**१६. कर तथा संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## ३.३ कर तथा राजस्वका दरहरु

**अनुसूची-१**

**(सम्पति कर तथा भुमी कर)**

| सि.न. | शिर्षक | बार्षिक दर |
|---|---|---|
| १. | **घर जग्गा कर** | |
| | १० लाख सम्मको | कर नलाग्ने |
| | १० लाखभन्दा बढी देखि ३० लाख सम्मको | ०.०७ प्रतिशत |
| | ३० लाखभन्दा बढी देखि ५० लाख सम्मको | ०.०८ प्रतिशत |
| | ५० लाखभन्दा बढी देखि १ करोड सम्मको | ०.०९ प्रतिशत |
| | १ करोड भन्दा माथी | ०.१० प्रतिशत |
| | | |
| २. | **मालपोत कर** | |
| | असिंचित जग्गाको (मालपोत प्रति कठा वा न्युनतम) प्रति कठा | रु.१०/- |
| | सिंचित जग्गाको (मालपोत प्रति कठा वा न्युनतम) प्रति कठा | रु.१५/- |
| | विटोरी जग्गा (प्रति धुर) | रु. ३०।– |
| | **विटोरी जग्गा दा.खा.** | **रु. २५००।–** |

**नोट :**
**क**) घर जग्गा कर र मालपोत कर तोकिए वमोजिम वार्षिक रुपमा चुक्ता नगरिएमा प्रचलित ऐन, कानुनको अधिनमा रही वार्षिक १० प्रतिशतका दरले थप जरीवाना गरिने छ ।

## अनुसूची -२

## (घर वहाल कर)

| | |
|---|---|
| १ | यस गा.पा. क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएको मा सम्बन्धित धनी बाट बहाल रकमको ५ प्रतिशत बहाल कर लिईने छ । |

## अनुसूची -३

## (व्यवसाय कर/नविकरण शुल्क)

**<u>वार्षिक व्यवसाय कर :</u>**

| क.सं | व्यवसायको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | किराना पसल | १२००। | |

| | | | |
|---|---|---|---|
| २. | पेडा पसल, नास्ता, चिया तथा मिठाई पसल | १२००। | |
| **३.** | **डिलर खर्च** | | |
| क | दाल, चामल, खुदी, खरिद बिक्रि पसल | १२००। | |
| ख | चिउरा भुजा बिक्रि पसल | १२००। | |
| ग | पिउने पानी (प्यूरिफायर) बितरण पसल कोक, पेप्सी डिलर | १२००। | |
| घ | आचार पाउ | ५००। | |
| ङ | चियापति बिक्री सोरुम | ७००। | |
| च | सख्खर (गुड) पसल | ८००। | |
| | बिस्कुट तथा चकलेट खुद्रा | ४००। | |
| | १. ,, ,, डिलर (प्रति डिलर) | १०००। | |
| | २. ,, ,, थोक बिक्रेता | ७५०। | |
| ४. | तेल, घिउ, आँटा, सुजि, चिनि खुद्रा | | |
| | (क) डिलर (प्रति डिलर) | | |
| | (ख) थोक बिक्रेता | ७००। | |
| ५ | साल्ड ट्रेडिङ्ग डिलर | १०००। | |
| ६ | कृषि सामाग्री संस्थानको डिलर | १०००। | |
| ७ | बिडी तथा चुरोटको डिलर | ३०००। | |
| ८ | बिडी, चाउचाउ, चिप्स, आदिको डिलर | १०००। | |
| ९ | काटा राखी खरिद बिक्री गर्ने गल्ला पसल | १०००। | |
| १० | फलफुल पसल ठेलावाला | २००। | |
| ११ | तरकारी पसलको दुकान | ५००। | |
| १२ | मासु बिक्री गर्ने पसल | ५००। | |
| १३ | अण्डा पसल | ४००। | |
| **१४** | **होटलहरु** | | |
| | (क) रिसोर्ट | ६०००। | |
| | (ख) रेष्टुरेन्ट एण्ड वार | ५०००। | |
| | (ग) रेष्टुरेण्ट | १५००। | |
| १५ | **तारे होटल** | | |
| | (क) एक तारे होटल | ३०००। | |
| | (ख) दुई तारे होटल | ४०००। | |
| | (ग) तिन तारे होटल | ५०००। | |
| | (घ) चार तारे होटल | ६०००। | |
| | (ङ) पाँच तारे होटल | ७०००। | |

| | | | |
|---|---|---|---|
| १६ | मदिरा समेत बिक्री गर्ने होटलहरु | २००। | |
| १७ | मदिरा रहित भोजनालय पसल आदि | ५००। | |
| १८ | साना चिया पसल (चल्ती) ठाउँ | ३००। | |
| १९ | चिसो हल्का पेय पदार्थ तथा मदिरा बिक्री पसल | १०००। | |
| २० | **डिलरहरु** | | |
| | (क) हल्का पेय पदार्थ तर्फ | १५००। | |
| | (ख) मदिरा तर्फ | ३०००। | |
| **२१** | **थोक बिक्रेता तर्फ** | | |
| | (क) हल्का पेय पदार्थ तर्फ | १०००। | |
| | (ख) मदिरा तर्फ | २०००। | |
| **२२** | **लजहरु** | | |
| | (क) पन्ध्र शैया भन्दा माथिलाई | २०००। | |
| | (ख) पन्ध्र शैया सम्मलाई | १५००। | |
| | (ग) दश शैया सम्मलाई | १०००। | |
| | (घ) सात शैया सम्मलाई | ७००। | |
| **२३** | कपडा पसल | १०००। | |
| **२४** | रेडिमेड कपडा पसल | १०००। | |
| **२५** | भाडा वर्तन पसल | १०००। | |
| **२६** | जुत्ता पसल | १०००। | |
| **२७** | जुत्ता सिलाई पसल | ३०० | |
| **२८** | पान पसलहरु | ५००। | |
| **२९** | श्रृंगार तथा मनिहारा पसल | १०००। | |
| **३०** | उपहार (गिफ्ट) का सामान बेच्ने पसल | १०००। | |
| **३१** | औषधि पसलहरु | १०००। | जाँचगरी औषधि बेच्नेलाई २०००। |
| **३२** | होमियो प्याथिक/आयुर्वेदिक/भेटेरीनरी | ५००। | |
| **३३** | आँखा क्लिनिक सहितको चश्मा पसल | १०००। | |
| **३४** | दन्त हस्पिटल | ३०००। | |
| **३५** | **स्वास्थ्य सेवाहरु** | | |
| | (क) नर्सिङ्ग होम | ५०००। | |
| | (ख) एम.बि.बि.एस क्लिनिक | २०००। | |
| | (ग) अ.हे.व., हे.अ., सि.एम.ए., कविराज क्लिनिक सेवा | ५००। | |
| | (घ) एक्सरे क्लिनिक | १५००। | |

| | | | |
|---|---|---|---|
| | (ङ) प्रयोगशाला (ल्याव) | १५००। | |
| | (च) भेटेरीनरी चिकित्सक | ५००। | |
| | (छ) प्राकृतिक चिकित्सा अक्युपंचर | ५००। | |
| | (ज) गैर-सरकारी अस्पताल | ५०००। | |
| | (झ) क्लिनिक तथा ल्याव | ३०००। | |
| ३६ | पुस्तक तथा पत्रिका स्टेशनरी | १०००। | |
| ३७ | **फर्निचर पसल तथा सो रुम** | | |
| | (क) स्टिल फर्निचर डिलर सहितको सोरुम | २०००। | |
| | (ख) स्टिल फर्निचर पसललाई | १५००। | |
| | (ग) काठका फर्निचर पसललाई सोरुप सहित | १५००। | |
| | (घ) स्टिल फर्निचर उद्योग | २५००। | |
| | (ङ) काठको फर्निचर उद्योग | १५००। | |
| | (च) बेतबास फर्निचर उद्योग | १०००। | |
| ३८ | फोटो स्टुडियो | ७००। | |
| ३९ | कलर ल्याव | १५००। | |
| ४० | ड्राई क्लिनर्स, कपडा धुलाई तथा रगांई | ३००। | |
| ४१ | **सुन चाँदी पसल** | | |
| | (क) सुन चाँदी खरिद बिक्री थोक सहित गहना बनाउने | २०००। | |
| | (ख) सुन चाँदी गहना मात्र बनाउने | १०००। | |
| ४२ | पशु पंक्षी आहार बिक्री पसल | ७००। | |
| ४३ | शैलुन तथा व्यूटी पार्लर | ७००। | |
| ४४ | केवल नेटवर्क | ५०००। | |
| ४५ | सिलाई मेसिन बिक्री पसल | १०००। | |
| ४६ | टेलरिङ्ग पसलको | ३०० | |
| ४७ | डेरी दुध उत्पादन तथा बितरण पसल | ६००। | |
| ४८ | कुखुरा पालन<br>क) १ हजार भन्दा माथि पाल्नेलाई<br>ख)१ हजार भन्दा कम पाल्नेलाई | <br>१५००।<br>१०००। | |
| ४९ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ५००। | |
| ५० | इलेक्ट्रोनिक सामान बिक्री तथा पार्ट पुर्जा पसल | १००० | |
| ५१ | कम्प्युटर, टिभी, फोटोकपी, एम्प्लिफायर डिलर | २०००। | |
| ५२ | फोटोकपी, कम्प्यूटर, फ्याक्स, पंखा, डेक मर्मत पसल | १०००। | |
| ५३ | फोटोकपी, कम्प्यूटरप्रिन्ट, टेलिफोन,फ्याक्स, लेमिनेशन पसल | ५०० | |

| | | | |
|---|---|---|---|
| **५४** | निजी नर्सरी | १०००। | |
| **५५** | घडी, रेडियो बिक्री तथा मर्मत पसल | ५००। | |
| **५६** | शिसाका सामान बेच्ने क्लास हाउस | ५००। | |
| **५७** | मट्टी तेल, पेट्रोल, डिजल समेतको पम्पलाई | ३०००। | |
| **५८** | मट्टी तेल डिलर | ५००। | |
| **५९** | हार्डवेयर, सिमेन्ट  बिक्री गर्नेलाई | २५००। | |
| **६०** | बिजुलीका सामाग्री बिक्री पसल | १०००। | |
| **६१** | रंग रोगन सम्बन्धी पसल | १०००। | |
| **६२** | मोटर पार्टस मेसिनरी पसल | १५००। | |
| **६३** | साइकल तथा पार्टस बिक्री पसल | १५००। | |
| **६४** | ग्याँस बिक्री गर्ने पसल | १०००। | |
| **६५** | डिपार्टमेन्टल स्टोर | ७०००। | |
| **६६** | अडियो भिडियो क्यासेट बिक्री तथा भाडा पसल | ५००। | |
| **६७** | ट्राभल एजेन्सी | १०००। | |
| **६८** | टायर डिलर | २५००। | |
| **६९** | सिनेमा हल | ५०००। | |
| **७०** | जादु, सर्कस, खुल्ला तामासा | २००। | प्रतिदिन ८ घण्टा |
| **७१** | मेला कार्यक्रम प्रति दिन | ५००। | |
| **७२** | ब्रास बैण्ड पार्टी | ६००। | |
| | निर्माण व्यवसायी ठेकेदारी<br>क श्रेणी<br>ख श्रेणी<br>ग श्रेणी<br>घ श्रेणी | <br>१००००।<br>७०००।<br>४०००।<br>२०००। | |
| **७३** | कन्सल्टेन्सी | २०००। | |
| **७४** | कानूनी सेवा | | |
| | (क) बरिष्ठ अधिवक्ता | ५००। | |
| | (ख) अधिवक्ता | ४००। | |
| | (ग) अभिवक्ता | ३५०। | |
| | (घ) अभिकर्ता तथा लेखापढी व्यवसायी | ३५०। | |
| **७५** | **निजी बित्तिय संस्थाहरु** | | |
| | (क) आर्थिक कारोवार गर्ने बित्तिय कम्पनी | १०००। | |
| | (ख) सहकारी बैंक तथा सहकारी संस्था | १०००। | |

| | | | |
|---|---|---|---|
| | (ग) बिमा कम्पनी | १०००। | |
| | (घ) कमिसन एजेन्ट | १०००। | |
| | (ङ) जग्गा खरिद बिक्री | १०००। | |
| | (छ) कुरियर सेवा | १५००। | |
| | (ज) मनि ट्रान्सफर | ३०००। | |
| | (झ) सेक्रेटेरियल सेवा | १५००। | |
| **७६** | टेन्ट हाउस | १०००। | |
| **७७** | **निजी विद्यालय शिक्षण संस्था** | | |
| | (क) क्याम्पस स्नातक तह वा सो भन्दा माथि | २५००। | |
| | (ख) उच्च मा.बि. | २२००। | |
| | (ग) मा.बि. | २०००। | |
| | (घ) नि.मा.बि. | १५००। | |
| | (ङ) प्रा.बि. | १०००। | |
| | (च) पूर्व प्रा.बि. | १५००। | |
| | (छ) मन्टेश्वरी | रु ५०० | |
| | (ज) ट्युसन सेन्टर | रु ५०० | |
| | (झ) व्यवसायिक प्रशिक्षण केन्द्र | १०००। | |
| | (ञ) प्राविधिक शिक्षण संस्था | १०००। | |
| **७८** | (क) बिज्ञापन एजेन्सी | १०००। | |
| | (ख) विज्ञापन सेवा | १०००। | |
| **७९** | होम डेलिभरी सर्भिस | ५००। | |
| **८०** | व्यवसायिक रुपमा पार्किङ्ग, प्रचार प्रसार गर्ने | ५००। | |
| **८१** | टाईपिंग,कम्प्युटर,तथा भाषा प्रशिक्षण संस्था | १०००। | |
| **८२** | भिडियो गेम | ५००। | |
| **८३** | ग्रिल फलामको झ्याल, ढोका वेल्डिङ्ग आदि बनाउने | २५००। | |
| **८४** | बस, ट्रक, मोटरसाइकल, ट्याक्टर मर्मत ग्यारेज | ३०००। | |
| | हेभी इक्विपमेन्ट वस, ट्रक, कार, साइकल, मोटरसाईकल, टेम्पो मर्मत कारखाना | ५०००। | |
| **८५** | टायर रिसोलिङ्ग | १५००। | |
| **८६** | सवारी साधन रंग रोगन | ८००। | |
| **८७** | सवारी साधनको व्याट्री मर्मत चार्ज गर्ने | ५००। | |
| **८८** | सवारी साधनको सिटहुट मर्मत गर्ने | ५००। | |
| **८९** | पुरानो टायर बिक्री तथा हावा भर्ने | ५००। | |

| | | | |
|---|---|---|---|
| **९०** | रिक्सा, साइकलको बडी बनाउने मर्मत गर्ने | ४००। | |
| **९१** | सिलाई मेसिन, ग्यास, चुल्हो, स्टोभ मर्मत पसल | ५००। | |
| | **उद्योग** | | |
| ९२ | चाउचाउ उद्योग ठुलो | १००००। | |
| ९३ | बिस्कुट उद्योग | १०००। | |
| ९४ | प्लाइउड उद्योग | ३०००। | |
| ९५ | बरफ उद्योग | ७००। | |
| ९६ | काठ उद्योग ठुला स-मिल | २०००। | |
| ९७ | काठ डिपो | २०००। | |
| ९८ | स्टेशनरी वा कपी उद्योग | २०००। | |
| ९९ | छापाखाना (प्रिन्टिङ्ग) | १०००। | |
| १०० | डिष्ट्रिलरी ब्रुअरी उद्योग | ७०००। | |
| १०१ | हल्का पेय जुस पदार्थ उद्योग | ४०००। | |
| १०२ | प्लाष्टिक उद्योग | ४०००। | |
| १०३ | पाउरोटी, केक, पेस्टी, डुनोट उद्योगत्र | १०००। | |
| १०४ | गलैचा उद्योग | १०००। | |
| १०५ | गाम्रेन्ट उद्योग | १०००। | |
| १०६ | कुटानी पिसानी मिल | १०००। | |
| १०७ | च्युरा,मुरही मिल तथा उद्योग | १०००। | |
| १०८ | खाद्य उद्योग | १५०००। | |
| १०९ | भुजिया उद्योग | १०००। | |
| ११० | ईटा | ६०००। | |
| १११ | टायल उद्योग भट्टा | १५००। | |
| ११२ | पशुपंक्षी आाहार उद्योग | १०००। | |
| ११३ | तामा, पित्तल, आल्मुनियम, फलाम जस्ता उद्योग | १५००। | |
| ११४ | जुत्ता तथा व्याग उद्योग | १०००। | |
| ११५ | चिया उद्योग प्याकेजिंग | ७००। | |
| ११६ | सिलाई बुनाई उद्योग | १०००। | |
| ११७ | स्वेटर बुन्ने उद्योग | २०००। | |
| ११८ | सुर्ति, खैनी, चुना प्याकेजिंग उद्योग | १५००। | |
| ११९ | लोहोरो सिलौटो बनाउने | ५००। | |
| १२० | कवाडी संकलन तथा बिक्री पसल | १०००। | |
| १२१ | एग्रोभेट, कृषि मल, बिउ, औजार, किटनासक | १०००। | |

| | | | |
|---|---|---|---|
| १२२ | जुट उद्योग | ५००० | |
| १२३ | च्युरा, मुरही उद्योग | २०००। | |
| १२४ | जुस, सस, अचार उद्योग | २०००। | |
| १२५ | सिमेण्ट,  रिङ्ग पाइप तथा पोल उद्योग | २०००। | |
| १२६ | खैनी उद्योग | ३०००। | |
| १२७ | चुरोट बिडी उद्योग | १५००। | |
| १२८ | चिप्स उद्योग | १०००। | |
| १२९ | स्वदेशी रोजगार सेवा | १५००। | |
| १३० | बैदेशिक रोजगार सेवा | ५०००। | |
| १३१ | **बिक्री (डिपो) डिलरको बिक्री कक्ष वा सोरुम** | | |
| | (क) साइकल | १०००। | |
| | (ख) रिक्सा | १५००। | |
| | (ग) मोटरसाइकल स्कुटर | ४०००। | |
| | (घ) टेम्पो र सफा टेम्पो | २०००। | |
| | (ङ) बस, ट्रक, कार,/ जीप भ्यान,  ट्याक्टर | १०००० | |
| | (च) ब्याट्री साइकल | १०००। | |
| १३२ | कफि हाउस | ५००। | |
| १३३ | कपडामा बुट्टा भरी बिक्री गर्ने बुटिक | ५००। | |
| १३४ | टायल मार्वल | १५००। | |
| १३५ | रेडियो प्रशारण एफ.एम. | २०००। | |
| १३६ | साईवर क्याफे | २५००। | |
| १३७ | शीत भण्डार | २०००। | |
| १३८ | मासु कोल्ड स्टोर | १०००। | |
| १३९ | ढुँगा, गिटी, वालुवा, माटो ईटा आदीको सप्लाई/ढुवानी व्यबसाय( थोक एंव खुद्रा दुबै) | ४०००। | |
| १४०. | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद विक्री रियल स्टेट | ४०००। | |
| १४१ | साइन वोर्ड बनाउने पेन्टिङ्ग सेवा | १०००। | |
| १४२ | पत्रपत्रिका प्रकाशन सेवा | रु.१०००। | |
| १४३ | मिल (कुटानी पिशानी) | रु ५०० | |

**द्रष्टव्यः-**

१. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृति हेरी गाउँपालिकाबाट १००। देखि ५०००। सम्म कर निर्धारण गरी लगाउन सकिने छ ।

२. साथै कुनै किसिमबाट फरक–फरक दस्तुर भएका तर समान अर्थ बुझिने शीर्षक बाझिन गएमा बढी दस्तुर भएको शीर्षकलाई मान्यता दिई सोही अनुसार कर लिईने छ ।

३. गाउँपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्नु भन्दा पुर्व वा बढीमा ३५ दिन भित्र व्यवसायीक प्रमाण पत्र अनिवार्य रुपमा लिनु पर्ने छ । अन्यथा प्रचलित ऐन,कानुन वमोजिम जरीवाना लाग्ने छ ।

४. हकवालाको नाममा व्यवसाय प्रमाण पत्र नामसारी गर्दा रु.३००। दस्तुर लिइने छ ।

५. व्यवसाय प्रमाण पत्रको लगत कट्टा गर्दा चालु आ.ब. सम्मको कर चुक्ता गर्नु पर्ने तथा लगत कटा बापत रु ३००। दस्तुर लिइनेछ ।

६. प्रत्येक व्यवसायीहरुले प्रत्येक आ.ब.को असार मसान्तभित्र व्यवसायीक प्रमाणपत्रको नविकरण गर्नुपर्ने छ । यदि प्रत्येक वर्ष नविकरण नगरीएको मा प्रत्येक वर्ष थप रु. १०% का दरले जरिवाना शुल्क लाग्नेछ ।

## अनुसूची -४

## (जडिवुटी, कवाडी र जीवजन्तु कर)

| | |
|---|---|
| **कवाडी र जिवजन्तु कर** | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु को हाड, सिङ, प्वाँख छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय अनुसारको कर लगाउन उपयुक्त हुने ।<br>देहाय :<br>साना गाडि प्रति पटक रु. १०००<br>ठुला गाडि प्रति पटक रु. २००० |

## अनुसूची -५

## सवारी साधन कर

| | | |
|---|---|---|
| **सवारी साधन कर** | १) भाडाका टेम्पो | रु.८००।– |
| | २) ई.रिक्शा | रु.३००।– |
| | ३) ठेलागाडा, रिक्शा | रु.२०५।– |

**सबारी तथा सञ्चालन ईजाजत दस्तुर :**

गाउँपालिका क्षेत्रमा ठेला, रिक्शा टाँगा दर्ता गरी नम्बर दिए बापत लिने शुल्क रु. १००।–

## अनुसूची -६

## (विज्ञापन कर)

| विज्ञापन कर | | सार्वजनिक स्थलका दर रेट |
|---|---|---|
| १. | सव वोर्डिङ्ग प्रति वर्ग फिट | रु. ३०/- |

| | | |
|---|---|---|
| २. | होर्डिङ्ग वोर्ड प्रति वर्ग फिट | रु. ६०/- |
| ३. | ग्लोसाईन वोर्ड प्रति वर्ग | रु.७५/- |
| ४. | भित्ते लेखन प्रति वर्ग फिट | रु.२०/- |
| ५. | ब्यानर प्रति गोटा प्रति वर्ष | रु.७५०/- |
| ६ | पर्खाल/बार/भित्तामा पोतिएको प्रति वर्ग | रु. ५० |
| ७ | सार्वजनिक स्थलमा साइनवोर्ड राखिएको प्रति वर्ग | रु. ५० |
| ८ | पोल/ब्यानर प्रति वर्ग | रु. ५० |
| ९ | गाडिमा गरिने विज्ञापन प्रति वर्ग | रु. ५० |

## अनुसूची -७

## (मनोरन्जन कर)

| | |
|---|---|
| मनोरन्जन कर | प्रदेशले निर्धारण गरे बमोजिम हुने । |

## अनुसूची -८

## (बहाल बिटौरी कर)

**गाउँपालिकाको सटर भाडा वा सो सरह अन्य प्रकृतिको घर वा जग्गा भए**

पक्की सटर पुरानो भवन प्रति वर्गफिट :- रु.२०/-
(२०७३/०७४ सम्म निर्मित)
नयाँ पक्की सटर प्रति वर्गफीट रु. २५।–
टिनको छानो भएको सटर वा घर प्रति वर्ग फीट व्यबसायीको लागी रु. १५।–
टिनको छानो भएको घर प्रति घर रु.१२००।–

| | |
|---|---|
| **बहाल विटौरी कर** | माथी उल्लेखित दरमा नघटने गरी गाृउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाट वजार, पसल, हल, सामुदायिक भवन,जग्गा वा अन्य कुनै पनि किसिमको व्यवसायिक भवन प्रयोगमा ल्याइएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम वहाल विटौरी करको रुपमा लगाउन उपयुक्त हुने । |

## अनुसूची -९

## (सेवा शुल्क दस्तुर)

### सिफारिस तथा नाता प्रमाणित दस्तुर

| क्र.सं. | बिवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस दस्तुर | ३००। | |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस | ५०। | |

| | | | |
|---|---|---|---|
| ३ | नागरिकता प्रमाणपत्र प्रतिलिपीको सिफारिस | १००। | |
| ३ | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | २५०। | |
| ४ | अंगिकृत नागरिकताको सिफारिस | १५०। | |
| **५** | **जग्गा नामसारी सर्जमिन सिफारिस** | **२००।** | **एक बिघा भन्दा बढिको जग्गाको नामसारी सर्जमिन सिफारिस रु.५००** |
| ६ | नाता प्रमाणित दस्तुर | १००। | |
| ७ | चरित्र प्रमाणित सिफारिस | १००। | |
| ८ | नाम, ठेगाना आदि सच्याउने सिफारिस | ५०। | |
| ९ | जन्म तथा बसोवास प्रमाणित | २००। | |
| १० | घर प्रमाणित/पक्की घरको | ३००। | |
| ११ | कच्ची घरको | १००। | |
| १२ | विवाह प्रमाणित | १००। | |
| १३ | टेलिफोन जडान सिफारिस | ५००। | |
| १४ | विद्युत जडान सिफारिस | १००। | दलित र कृषि मिटरको लागि ५०। |
| १५ | संस्था दर्ता सिफारिस | ३००। | |
| १६ | सिनेमा हल खोल्न स्वीकृत | १००००। | |
| १७ | मोही लगत कट्टाको सिफारिस | ३००। | एक बिगाह माथि प्रति ५ कट्ठा थप ३०। |
| १८ | समूह दर्ता सिफारिस | २००। | |
| १९ | पञ्जिकरण दस्तुर | १००। | ३५ दिन भित्र दर्ता भए निशुल्क |
| २० | पञ्जिकरण प्रतिलिपी | १००। | |
| २१ | सहुलियत काठको सिफारिस | २००। | |
| २२ | नम्बरी जग्गाको रुख काटने प्रति गोटा सिफारिस | निशुल्क | |
| २३ | घर सारी पाउँ भन्ने सिफारिस | २००। | |
| २४ | पेन्सन पट्टाको सिफारिस | २००। | अन्य देशको रु.१०००। |
| २५ | **सर्जमिन गरेर अरु कार्यालयलाई सिफारिस गर्नु पर्नेमा** | **३००।** | |
| २६ | अपुतालिको सिफारिस | | |
| २७ | (क) नेपालीको लागि | १०००। | |
| २८ | (ख) विदेशीको लागि | २०००। | |
| २९ | **चार किल्ला प्रमाणित** | **१००।** | **बाटो भए थप १०० लाग्ने छ।** |
| ३० | जग्गा मुल्याङ्कन घर समेत सिफारिस | | |
| ३१ | (क) रु.५०,००० सम्मको | १००। | |
| ३२ | (ख) रु.५०,०००। भन्दा माथि र ५०००००। सम्मलाई | ३००। | सो भन्दा माथी भए प्रति एक लाखमा रु १००। थप |

| | | | |
|---|---|---|---|
| ३३ | (ग) नापि शाखा कार्यालयको सिफारिस नक्सा दस्तुर | १००। | |
| ३४ | **(घ)नाता जन्म प्रमाणित अँग्रेजीमा दर्ता सिफारिस** | **२००।** | |
| ३५ | मेला सर्कस अनुमति सिफारिस | ३०००। | |
| ३६ | स्टल राखी संचालन गरिने सिफारिस | १०००। | |
| ३७ | घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) | ७००। | |
| ३८ | कारखाना (सर्जमिन र सिफारीस सहित | १०००। | |
| ३९ | खानेपानी जडान सिफारिस | २५० | |
| ४० | उद्योग व्यवसायी बन्द गर्ने सिफारिस | ५००। | |
| ४१ | हैसियत प्रमाणित /सम्पति मुल्यांकन सेवा शुल्क | रुं १। प्रति हजारका दरले | |
| ४२ | अन्य सिफारिस | ३००। | |
| ४३ | **उद्योग दर्ता सिफारिस** | **१०००।** | |
| ४४ | वार्षिक आम्दानी प्रमाणित | ०.२५ पैसा | प्रति हजारका दरले |
| **४५** | **नयाँ विद्यालय खोल्न आवेदन दस्तुर** | | |
| | (क) आधारभूत विद्यालय | १५००। | |
| | (ख) मा.बि. | २०००। | |
| | (ग) क्याम्पस | ५०००। | |
| | (घ) विद्यालय स्तर बृद्धि गर्दा कक्षा थप ( अपग्रेड) आवेदन दस्तुर | १५००। | |
| | (ङ) प्राविधिक शिक्षण संस्था सिफारिस | ३०००। | |
| | (च) पुर्व प्रा.वि.को स्वीकृती दस्तुर | २०००। | |
| ४६ | मालपोत कार्यालयको लागि गरिने सिफारिस(माथी कुनै शिर्षकमा नपरेका लागी) | ३००। | |
| ४७ | ज.ध. प्रमाण पत्र को लागी सिफारीस | १५०। | |
| ४८ | घर बाटो कायमको सिफारीस | २००। | |
| ४९ | निर्माण सामार्गी डिलर सिप सिफारिस | ५००। | |
| ५० | उद्योग ठाउसारी सिफारिस | ६००। | |
| ५१ | डिलर सीप सिफारिस | ५००। | |
| ५२ | जन्म दर्ता नक्कल दस्तुर<br>अन्य जुनसुकै नक्कल दस्तुर | १००।<br>१००। | |
| ५३ | मिलापत्र दस्तुर | निःशुल्क | |
| ५४ | आम्दानी सिफारीस दस्तुर | ३००। | |
| ५५ | **स्वास्थ्य उपचारको सिफारिस** | **निःशुल्क** | |
| ५६ | ज्येष्ठ नागरिक/एकल महिला प्रमाणित | निःशुल्क | |
| ५७ | पालणपोषणका लागि सिफारिस गर्ने | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| ५८ | अपांगता भएको सिफारिस | नि:शुल्क | |
| ५९ | कोर्ट फि मिनाहा सिफारिस | नि: शुल्क | |
| ६० | विपन्नता प्रमाणित गर्ने | नि:शुल्क | |
| ६१ | सम्पन्नता प्रमाणित गर्ने | रु ५०० | |
| **६२** | **कपालि तमसुक प्रमाणित** | **रु.२००** | **१० लाख भन्दा माथिमा थप रु.१००** |
| ६३. | **क. रुपनी तथा बिरेन्द्र बजारको पलोट कर कच्चिको** | **रु.३००** | |
| | **ख. रुपनी तथा बिरेन्द्र बजारको पलोट कर पक्किको** | **रु. ५००** | |
| ६४. | **रुपनी तथा बिरेन्द्र बजारको पलोट जग्गा लेखत पारित** | **रु.२५००** | **थैलि १०% रकमको दस्तुरको अधा/अधा लिने/दिने दुवैले तिर्ने।** |
| ६५. | **मधेशी, दलित, आदिबासि जनजाति सिफारी** | **रु. १००** | |
| ६६. | **अनुदान सिफारी दस्तुर** | नि:शुल्क | |

**नोट :** नेपाल सरकारले करका विभिन्न क्षेत्रहरुमा दलित समुदायलाई दिने छुट बमोजिम यस रुपनी गाउँपालिकाले सोहीबमोजिको छुट दिनेछ । यसमा नपरेका अन्य प्रकृतिका सिफारीस तथा प्रमाणितको दस्तुर रु. ३००। लिईने छ ।

आगलागी, हात्ती आतंक वा दैवी प्रकोपको सिफारीसमा लाग्ने सिफारीस दस्तरु छुट दिईने छ । सिकिस्त विरामीको लागी गरिने सिफारीसमा लाग्ने सिफरीस दस्तुर छुट दिईने छ ।

३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्न आउदा सो सम्बन्धी कुनै शुल्क नलाग्ने र ३५ दिन नाघेपछि व्यक्तिगत घटना दर्ता गर्न आउँदा दर्ता वापत पंजिकरण शुल्क रु. १००।– लिईने छ । साथै प्रतिलिपी को लागी प्रति प्रमाण पत्रको रु १००।– लिईने छ ।

### (ठ) <u>नक्कल दस्तुर</u>

गाउँपालिकाबाट नक्कल प्रमाणित गर्दा देहाय बमोजिमको नक्कल दस्तुर लिइनेछ ।

(क) नक्सा पास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी — रु.२००।
(ख) घरको नक्साको प्रतिलिपी — रु.२००।
(ग) व्यवसाय प्रमाण पत्रको प्रतिलिपी — रु.२००।
(घ) अन्य प्रमाणको प्रतिलिपी — रु.१००।
(ङ) प्रमाणपत्र वाहेक अन्य कागजको प्रति पाना — रु.५।

## हटिया तथा गुद्रि बट्टी निम्न दरहरु कायम गरिएको छ ।

| बिवरण | दर | बिवरण | दर |
|---|---|---|---|
| क श्रेणीको चुरा चामल चट्टीदार पसल १ मा | १५।- | ख श्रेणीको चुरा चामल चट्टीदार पसल १ मा | १०।- |
| ग श्रेणीको चामल बट्टीदार पसल १ | ८।- | नून मात्र बेच्ने पसलमा | १०।- |
| सिलाई मेसिन प्रति पसल एक मसिनमा | १०।- | सावे डोरी बेच्ने पसल एकमा | १०।- |

| | | | |
|---|---|---|---|
| चुना मथबोझी हाडी, छाछीमा | ५। | दाउरा बैल गाडीमा | २५। |
| दाउरा थोक राख बेच्नेपसल | २५। | दाउरा भार एकमा | १०। |
| दाउरा मथबोझी एकमा | ५। | बाँस प्रति गोटा | ५। |
| पहाडी बाँस प्रति बोझ एकमा | १०। | | |
| | | खर प्रति गाडी एकमा | २५। |
| जलपान चमेना पसल एकमा | १५। | खर एक बोझा | ५। |
| जलपान चमेना पसल ढाकीमा | १०। | पिठो मात्र पसल | १०। |
| पान ढोली, थोक बिक्री गर्ने पसल | १५। | सखर गुड बेच्ने पसल | १०। |
| दही भारवाला पसलमा | ७। | दवाई जडिबुटि बेच्ने | २०। |
| खुर्पी, हसुवा, चक्कु आदी फलामे पसल | ५०। | खुर्पी, हसुवा मात्र बेच्नेलाई | १०। |
| झाडु, कुचो, खररा पंति पसल | १०। | खैनी, सुर्ति, पिनि, कंकड प्रति पसल | १०। |
| पटेर, परालको गुन्द्री (पटिया) प्रति गोटा | ५। | पटेर, परालको पटिया थोक | २०। |
| नाङ्गलो सुप प्रति पसल | १०। | खेलौना पसल | १०। |
| पेड, पौधाको बिरुवा बेच्ने पैति पसल | २०। | घ्यु टिना पसलमा | १५। |
| फाटा कम्पनीको कपडा बेच्ने | २५। | घ्यू खुद्रा बेच्ने | १०। |
| कपडा मिश्रित रेडिमेट पसल | २५। | कम्बल, राडी पसल | १०। |
| शब्जी बैल गाडी पसल एकमा | २५। | सब्जी चट्टिदार पसल छानाछाप्रोमा | २५। |
| बिज, बिजन बेच्ने प्रंति पसल | १५। | मट्टितेल, करु तेल खुद्रा बेच्ने पसल | १०। |
| आलु बोरा प्रति पसल | २५। | आलु सानो ढाकीमा बेच्ने | ५। |
| किराना सामान बेच्ने छानाछाप्रो भुई समेतमा | १५। | मसाला पसल | १०। |
| मनिहारी, लटकेना पसल | २५। | माटोको भाडा मथबोझी पसल | १०। |
| चुडी, लहठी समेतको पसल | १५। | बिस्कुट, चकटेल आइसक्रिम पसल | १०। |
| तेजपात पैति भार | १५। | काको रही, बेल्चा, चक्ला आदी बेच्ने | १०। |
| सनपाटको डोरी, सिक बेच्ने पसल | १०। | टोकरी, ढाकी, छिटा बेच्ने प्रति पसल | १०। |
| अत्तर, तेल, दवाई, साबु आदी | १०। | अल्मुनियम, टिना, पित्तले द्रब्यको भाडा | २५। |
| पुस्तक बेच्ने प्रति पसल | १०। | दाढी कपाल काट्ने हजाम प्रति हजाम | १०। |
| चटक खेल तमासा प्रति जमात | २०। | छाता मर्मत गर्ने पसल | ५। |
| टर्च, ताला आदी मर्मत गर्ने | ५। | जुत्ता मर्मत गर्ने पसल | ५। |
| सुखेको खुर्सानी प्रति बोरा, भारमा | १०। | पिठो मात्र बेच्ने | ५। |

| सुन्तला, कटहर, केरा जामुन, नासपाती, आँप | | माछा, मासु समेतको पसलमा | |
|---|---|---|---|
| गाडी एकमा बेच्ने | | सबै किसिमको माछा ठुलो प्रति पसल | २५। |
| बोरा एकमा बेच्ने | २५। | माछा सानो सबै किसिमको ,, | २०। |
| भार एकमा बेच्ने | १०। | खसि, बोका पसल एकको | २५। |
| डोको एकमा बेच्ने | १०। | राँगा (भैस) को | ३०। |
| ढाकी एकमा बेच्ने | १०। | हाँस, मुगी प्रति गोटाको हिसावले बेच्ने | १०। |
| | ५। | परेवा प्रति जोडा | १०। |
| | | अण्डा | १०। |

**नोटः-** माल वाहेक हलुका तथा हैभी सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ । अन्यथा हटिया बट्टी शुल्क जरिवाना वापत रु.३००। लाग्ने छ ।

- माथि उल्लीखित सिफारिस/प्रमाणित र दर्ता सम्बन्धि कागजात अंग्रेजी भाषामा उपलव्ध गराउनु परे सुरु दस्तुरको दोव्वर लाग्ने ।
- वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लीखित सिफारिस/प्रमाणित र दर्ता सम्बन्धि कागजात हराई वा नष्ट भइ सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लगाउन उपयुक्त हुने ।

## अनुसूची -१०
## (निकासी करं)

| करको किसिम | विवरण | करको दर |
|---|---|---|
| **निकासी कर** | प्रति ट्रयाक्टर | ५० |
| **(ढुङ्गा, गिटी, बालुवा)** | प्रति ट्रक | १०० |

### घर नक्सा पास र अभिलेखिकरण दस्तुरः-

| | |
|---|---|
| क) १००० वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति वर्गफीट | रु.१.५। |
| ख) २००० वर्गफीट वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति वर्गफीट | रु.१.७५ । |
| ग) २००० वर्गफीट भन्दा माथि  नक्शा पास गर्दा प्रति वर्गफीट | रु.२ |
| घ) जस्ता,पाता ,टायलको छानो भएको संरचनाको नक्शा पास प्रति ब.फीट | रु.०.५ |
| ङ) पर्खाल प्रति रनिङ फीट | रु.१ |
| च) घर नकशा निरीक्षण तथा सर्जमिन दस्तुर | रु.४५०।– |
| छ) प्रमाण पत्र दस्तुर | रु.२००।– |
| ज) जग्गा नाप जाँच दस्तुर | रु.२००।– |
| झ) निवेदन फाइल दस्तुर एकमुष्ट | रु.५००।– |

### सरसफाई शुल्क :

गाउँपालिका क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहरमैला व्यबस्थापन ऐन तथा प्रचलित ऐन,कानुन वमोजिम सरसफाई शुल्क निर्धारण गरिने छ ।

### पार्क शुल्क :-

पिकनिक स्पोर्ट लगायत धार्मिक स्थलका मेलाहरु प्रचलित ऐन कानुनमा रही ठेक्काको माध्यमबाट कर लगाउने

## सवारी पार्किङ्ग तथा सरसफाइ शुल्कः-

गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले व्यवस्था गरेको र निर्माण गरेको पार्किङ्ग क्षेत्रमा पार्क हुने देहायका सवारी साधनहरुमा देहाय बमोजिम पार्किङ्ग शुल्क लिइने छ ।

| | |
|---|---|
| (क) विदेशी बस ट्रक लहरीमा दैनिक | रु.१००। |
| (ख) विदेशी साना सवारी साधनमा दैनिक | रु.५०। |
| (ग) भाडाका ट्याक्सी टेम्पो कार जिप भ्यानमा दैनिक | रु.२५। |
| (घ) निजी कार, जिप टेम्पो भ्यानमा दैनिक | रु.१०। |
| (ङ) भाडा तथा निजी ट्याक्टर मिनिबस मिनी ट्रकमा दैनिक | रु.४०। |